केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०५/०७०/७१ मिति: २०७०/०५/३०

**“क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. २२।७० को बुँदा नं. २५ लाई संशोधन गरी मिति २०७० मंसिर १ गते देखि लागू हुने गरी देहाय बमोजिमको चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्था जारी गरिएको छ । साथै, यस बैंकबाट जारी प.सं. ०८।०६९।७० मिति २०७०।०३।१२ को चेक भुक्तानी सम्बन्धी परिपत्र खारेज गरिएको छ ।

*“२५. चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्था:*

*१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले पूर्ववत रुपमा रु.५० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नेछ । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएका चेकहरुको भुक्तानी समेत एकाउन्टपेयी हुनु पर्नेछ ।*

*२. बैंक वा वित्तीय संस्थाहरुले खिच्ने चेकको अग्रभागको माथिपट्टीको खाली स्थानमा अनिवार्यरुपमा चेक राइटर, चेक पंच, चेक प्रोटेक्टर वा रिबन राइटर लगाउनु पर्नेछ ।*

*३. विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा ६ मा भएको व्यवस्था बमोजिम कुनै पनि चेकमा अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिए अनुसारको रकमलाई मान्यता दिनु पर्नेछ ।*

*४. चेकको अग्रभागमा रेखाङ्कन (Crossing) वा रेखाङ्कन सम्बन्धी छाप र ड्रअरको छाप बाहेक अन्य कुनै किसिमको छाप लगाएका चेकको भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।*

*५. च्यातिएका, मसी लागेका, केरमेट भएका चेकको भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।*

*६. भुक्तानीको लागि प्राप्त चेक नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा मात्र स्पष्ट रुपमा लेखिएको हुनुपर्ने छ ।*

*७. संस्थाको नाममा खिचिएका चेक खातामा जम्मा गर्दा सम्बन्धित संस्थाको प्रष्ट बुझिने छाप चेकको पछाडि अनिवार्य रुपमा लगाएको हुनुपर्ने छ ।*

*८. क्लियरिङ्ग मार्फत प्राप्त नेपाल राष्ट्र बैंकका चेकको रकम जसको नाममा चेक खिचिएको हो; उसैको नामको खातामा जम्मा गर्नुपर्ने छ ।*

*९. यस बैंकबाट जारी इलेक्ट्रोनिक क्लियरिङ्ग सम्बन्धमा जारी निर्देशन तथा मार्गदर्शनहरुको पालना नभएका चेकहरुको क्लियरिङ्ग तथा भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।”*

२. यस बैंकबाट जारी एकीकृत निर्देशन २०७० को इ.प्रा.निर्देशन नं. २० को बुँदा नं. २ (मर्चेन्ट

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बैंकिंग सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था) को पहिलो अनुच्छेद र खण्ड (७) मा भएको व्यवस्थालाई देहाय बमोजिम गरी संशोधन गरिएको छ ।

*"इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वपूँजी (Equity) लगानी गरेर छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई लगानी सम्बन्धी विद्यमान नीतिगत व्यवस्था तथा अन्य प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्न कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने सहायक कम्पनी (Subsidiary Company) मा लगानी गरी संचालन गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छ ।*

*(७) सहायक कम्पनीले देहायका कार्य गर्न सक्ने छैनन् :*

*(क) धितोपत्र दलाली सम्बन्धी व्यवसाय,*

*(ख) सम्बन्धित सहायक कम्पनी आफूले जारी गरेको वा मुख्य कम्पनीले जारी गरेको धितोपत्रको व्यापार ।"*

साथै, सो बुँदामा देहायको खण्ड (९) थप गरिएको छ ।

*"(९) इजाजतपत्रप्राप्त संस्थाले संचालनमा रहेको मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्ने कुनै कम्पनीको शेयरमा लगानी/खरिद गरी सहायक कम्पनी बनाउने सम्बन्धमा देहायका थप व्यवस्थाहरु गरिएको छः-*

*(क) संचालनमा रहेको मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्ने कुनै कम्पनीको शेयरमा लगानी/खरिद गरी सहायक कम्पनी बनाउन यस बैंकको स्वीकृति लिनु पर्नेछ ।*

*(ख) यस बैंकको स्वीकृतिको लागि निवेदन दिँदा देहायको कागजात सहित पेश गर्नुपर्ने छ ।*

*(अ) सहायक कम्पनी बन्ने/बनाउने सम्बन्धमा भएको दुवै संस्थाको निर्णय,*

*(आ) कुनै समझदारीपत्र (एम.ओ.यू) भए त्यस्तो समझदारीपत्र,*

*(इ) प्रस्तावित सहायक कम्पनीको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कन प्रतिवेदन,*

*(ई) लगानी रकम निर्धारण सम्बन्धी आधार तथा सो सम्बन्धी निर्णयको प्रतिलीपी, र*

*(उ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण ।"*

३. यस बैंकबाट जारी एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. ६ को बुँदा नं. ४ (कर्मचारीहरुले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था) मा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ ।

*"इजाजतपत्रप्राप्त संस्थाका संस्थापक वा संचालकका एकाघर परिवारका सदस्य वा एक प्रतिशत भन्दा कम संस्थापक शेयर धारण गर्ने शेयरधनीले सोही संस्थामा कर्मचारीको रुपमा कार्य गरेको अवस्थामा त्यस्तो कर्मचारी कुनै पनि कर्मचारी युनियनको पदाधिकारी भई कार्य गर्नु हुँदैन ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. यस बैंकबाट जारी एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. १३ को बुँदा नं. १ को उपबुँदा नं. (३) तथा बुँदा नं. ३ को उपबुँदा नं. (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।

*"तर, समस्याग्रस्त घोषणा गरी निक्षेप स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्थालाई जरिवाना लगाउन अनिवार्य हुने छैन ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली ।
१२. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१४. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।